दक्षिणकाली नगरपालिका
दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय
दक्षिणकाली, काठमाडौं, बागमती प्रदेश, नेपाल

प.सं:-०७९/०८० मिति:२०८०/०२/१६

~~च.नं.~~-

विषय: सार्वजनिक सुचना गरिएको सम्बन्धमा।

श्री आम सरोकारवाला सबै,

प्रस्तुत विषयमा यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको नाममा दर्ता तथा स्वामित्वमा रहेको नम्बरी, सार्वजनिक जग्गा, वन, बुट्यान, खोलो-खोल्सा लगायतका नेपाल सरकारले खण्ड ३७ भाग ४७ संख्या २० मिति २०४४ भदौ १५ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसारका ५६ हेक्टर जग्गाको नापि कार्यालय, कलंकीबाट मिति २०८०/०२/२१ गते देखि टोली खटाई नाप नक्सा गरी सिमाङ्कन गर्ने कार्य गरिने भएको हुदाँ कोहीकसैबाट अतिक्रमण गरि घरटहरा लगायत अन्य निर्माण गरेको भए सो मितिभित्र अनिवार्य रुपमा हटाउन हुन जानकारी गरिएको छ साथै यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको ५६ हेक्टर जग्गासँग जोडिएका चारै किल्लाका संधियारहरु आफ्नो साँध जोडिएका कित्ताहरुको सक्कल पुर्जा, मालपोत तिरेको रसिद र नापि कार्यालय, कलंकीबाट जारी भएको आधिकारिक नक्सा सहित आफ्नो जग्गाको सिमानामा नाप नक्सा भएको बखत अनिवार्य उपस्थित हुन अनुरोध गरिएको छ । सम्बन्धित सरोकारवाला जग्गा धनि उपस्थित नभएको कारणले नाप नक्सा कार्य नरोकिने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गरिएको छ।

बोधार्थ:-

श्री दक्षिणकाली नगरपालिका, फर्पिङ्ग, काठमाडौं — यस सार्वजनिक सूचनालाई नगरपालिकाको सूचना पाटीमा टाँस गरि तथा वेवसाईटमा राखि सहयोग गरिदिनु हुन अनुरोध छ।

...........................
पेशल कुमार पोखरेल
कार्यकारी अधिकृत